# विपद व्यवस्थापनका सम्बन्धमा स्वास्थ्य सेवा विभागबाट
## मिति २०७४।०५।०९ सम्ममा भएका क्रियाकलाप र निर्णयहरु

### १. विपदको अवस्था

अविरल बर्षापछिको बाढी र पहिरोबाट हालसम्म **१४३** जनाको मृत्यु, **३०** जना वेपत्ता तथा **४३** जना घाईते भएका छन् (स्रोतः गृह मन्त्रालय) । बाढी पहिरो पछि हुनसक्ने माहामारीजन्य रोगहरुको निरन्तर सर्भिलेन्स भईरहेको छ। बाढी पहिरो प्रभावित स्थानहरुमा हालसम्म कुनै पनि रोग तथा स्वास्थ्य समस्याहरु माहामारीको रुपमा देखा नपरेको अवस्था छ ।

### २. प्रभावित जिल्लाहरुमा स्वास्थ्य सेवा

बाढी पहिरो प्रभावित जिल्ला, गाऊ तथा नगरहरुमा स्वास्थ्य संस्था, शिविर र अस्थायी केन्द्रहरुबाट स्वास्थ्य सेवा निरन्तर रुपमा प्रदान गर्दै आईरहको छ । हालसम्म करिब **३०,०००** जना भन्दा बढि बाढी पहिरो प्रभावित व्यक्तिहरुलाई स्वास्थ्य संस्था, शिविर तथा अस्थायी केन्द्रहरुबाट स्वास्थ्य जाँच तथा उपचार सेवा प्रदान गरिएको छ ।

### ३. मानवश्रोतको परिचालनको अवस्था

बाढी पहिरो प्रभावित स्थानहरुको हरेक २ देखि ३ जिल्लाहरुको अनुगमन तथा समन्वय गर्ने गरी केन्द्रबाट स्वास्थ्यकर्मीहरुको टोली परिचालित रहेको अबवस्था छ । बाढी पहिरो प्रभावित स्थानका सम्बन्धित क्षेत्रिय स्वास्थ्य निर्देशनालयहरुबाट स्वास्थ्य प्राविधिक सहितको टोलीहरु पनि परिचालित छन । बाढी पहिरो प्रभावित स्थानका जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयहरुबाट निजी क्षेत्र समेतको सहभागीतामा बाढी पहिरो प्रभावित र विस्थापितहरु रहेको स्थानमा स्वास्थ्य सेवाका लागी करिब **१५००** जना स्वास्थ्यकर्मीहरु खटिएका छन ।

### ४. आपूर्ती व्यबस्थापन

औषधी, उपकरण लगायत आपूर्ति व्यबस्थापन चुस्त बनाउनका लागि जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयहरुका स्टोर, क्षेत्रिय मेडिकल स्टोर र केन्द्रिय स्टोरमा रहेको औषधी लगायत सामग्रीहरुको मौज्दात दैनिकरुपमा अनुगमन गर्ने गरिएको र नपुग हुने अवस्था भएमा तुरुन्त कुनै पनि तरीकाबाट व्यवस्था गर्ने गरी मिलाईएको छ । केन्द्रिय स्टोरबाट क्षेत्रिय मेडिकल स्टोरमा औषधीहरु पठाईएको, क्षेत्रिय मेडिकल स्टोरले जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयहरुबाट आएको माग बमोजिम आपूर्ति गर्ने गरि व्यबस्था मिलाइएको छ । माहामारी पूर्व तयारी स्वरुप नपुगहुन सक्ने औषधीहरुका सम्बन्धमा साझेदार संस्थाहरुबाट प्रतिबद्धता आईरहेको छ। यसानुसार Americare बाट ५०,००० डलर बराबरको औषधी वस्तुगत सहायताको प्रतिबद्धता प्राप्त भएको छ । त्यसैगरि अन्य साझेदार संघसंस्थाहरुलाई समेत यथाशीघ्र सक्दो सहयोगको प्रतिबद्धताको जानकारी गराउन अनुरोध गरिएको छ ।

### ५. विपद व्यबस्थापन समितिबाट भएका निर्णयहरु तथा कार्यहरु

क. स्वास्थ्य सेवा विभागका उपमहानिर्देशक श्री चूडामणि भण्डारीज्यू को संयोजकत्वमा मिति २०७४।५।९ बिहान सम्मकाका बाढी प्रभावित जिल्लाहरुमा संचालन भएको

थप कार्यक्रम, अन्य विवरण, वस्तुस्थिती र अन्य अवस्थाको बारेमा जानकारी गराईयो र सोको समिक्षा गरी सामान्य अवस्थामा नआएसम्म यी कार्यहरुलाई निरन्तरता दिई रहने ।

ख. मिति २०७४।५।४ को विपद व्यवस्थापन समितिको निर्णयअनुसार IRS / LLIN पठाउन बाँकी जिल्लाहरु सप्तरी र बाँकेमा अविलम्ब पठाउने व्यबस्थाको लागी क्षेत्रीय मेडिकल स्टोरलाई ताकेता गर्ने ।

ग. बाढी पहिरो प्रभावित जिल्लाहरुमा हालसम्म विपद तथा माहामारी प्रतिकार्यमा गरिएको कार्यहरुको संयुक्त प्रतिवेदन तयार गर्ने ।

६. आजै स्वास्थ्य सेवा विभागका महानिर्देशक डा.राजेन्द्र प्रसाद पन्तज्यू को संयोजकत्वमा Health and Nutrition Cluster को बैठक बसि हालसम्म Cluster बाट भए गरेका कार्यहरु र आगामी दिनमा गर्न सकिने कार्यहरुको बारेमा छलफल गरि तपसिलका निर्णयहरु गरियो ।

क स्वास्थ्य सेवा विभागका उपमहानिर्देशक श्री चुडामणी भण्डारीज्यूबाट महोत्तरी जिल्लामा संचालन भएको स्वास्थ्य शिविर र हालसम्मको बाढी पश्चात स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, सहयोगी निकाय, जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयहरुले संचालन गरेको स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा सेवाहरको प्रस्तुतीकरण भयो । १ नं. र २ नं. प्रदेश स्तरमा अबका दिनमा कार्यक्रम संचालन गर्न सम्बन्धित क्षेत्रिय स्वास्थ्य निर्देशकज्यूसँग भएको छलफल बमोजिम सहयोगी संस्थाहरुले अति प्रभावित जिल्लाहरुमा थप अतिरिक्त सेवा दिनु पर्ने निर्णय भयो ।

ख. स्वास्थ्य सेवा विभाग, ईपिडिमियोलाजी तथा रोग नियन्त्रण महाशाखाका उपस्वास्थ्य प्रशासक डा. भेषराज पोखेलज्यूबाट स्वास्थ्य सेवा विभागबाट बाढि पहिरो प्रभावित जिल्लाहरुमा संचालन गरिएको थप कार्यक्रमको प्रस्तुतीकरण भयो र सो उपर छलफल गरि आगामी दिनमा सहयोगी निकायबाट प्रदान हुने सेवा कुन कुन हो सोको जानकारी लिई थप स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रम प्रदान गर्ने।

ग. अति प्रभावित जिल्लाहरुमा साझेदार तथा सहयोगी निकायबाट प्राथमिकताका साथ कार्यक्रमा बृद्धि गर्ने ।

घ. स्थानियस्तरमा सहयोगी संस्थाले जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयसँग अनिवार्यरुपमा समन्वय गरी Specific कार्यहरु गर्ने ।

ङ. नोबेल मेडिकल कलेज बिराटनगरलाई सप्तरी जिल्लाको नाक, कान, घाँटीको समस्या बढि भएका स्थानमा सेवा दिन पत्राचार गर्ने । साथै अन्य मेडिकल कलेजलाई जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयसँग समन्वय गरि बाढी प्रभावितहरुको सेवा प्रवाहको लागी खटाउने ।

च. जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयले DDRC मार्फत प्राप्त विवरण बमाजिम विस्थापित र विस्थापित पश्चात घर फर्केका तर पनि जोखिममा रहेका परिवारहरुको पहिचान गरी सोही अतिरिक्त कार्यक्रम तथा सेवा संचालन गर्ने ।

छ. रौतहट जिल्लामा बाढी पश्चातको अवस्था अत्यन्तै संवेदनशिल रहेको देखिएकोले सहयोगी संस्थाले के सहयोग पुर्‍याउन सकिन्छ सो सहित कार्यक्रम गर्न विशेष जोड दिने ।

ज. बाढी अति प्रभावित जिल्लाहरुमा अन्य कार्यक्रमका साथसाथै जनस्वास्थ्य अभियानलाई प्राथमिकताका साथ कार्यक्रम संचालन गर्न स्वास्थ्य सेवा विभाग तथा सबै साझेदारहरुले आफ्नो तर्फबाट बिशेष जोड दिने।